# सिलबन्दी बोलपत्र आह्वानको सूचना

लालीगुराँस नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**एक्साभेटर खरिदको लागि सिलबन्दी बोलपत्र आव्हान गरिएको छ**

**(प्रथम पटक सूचना प्रकाशित भएको मिति: २०७४/०८/०६)**

यस नगरपालिकालाई आ.व. ०७४/७५ मा आवश्यक एक्साभेटर मेशिन देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्रद्धारा खरिद गर्नुपर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**SQ No. :Laligurans/Goods/2074-75/01**

१. योग्य फर्म/कम्पनीहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरू हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् : ललीगुराँस नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ललीगुराँस, तेह्रथुम, फोन :०२६-४०२१२१, इमेल : laligguransnagarpalika@gmail.com

२. यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म (२०७४/०९/०६) बोलपत्र फाराम सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसारको तपसिलमा उल्लेख दस्तुर (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिउँसो १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त भएमा स्वीकार गरिने छैन ।

४. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरू प्रस्तावकहरू वा निजको प्रतिनिधिको रोहवरमा लालीगुराँस नगरपालिका नगर कार्यपालिका बसन्तपुर तेह्रथुमको कार्यालयमा मिति २०७४/०९/०७ गतें ३१ औं दिनको २:०० बजे खोलिने छ । प्रस्तावक वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. बोलपत्रको साथ जमानत वापतको धरौटी रकम नेपाल बैंक लिमिटेड, तेह्रथुममा यस कार्यालयको नाममा रहेको धरौटी खाता नम्बर ०५४०३०००००००००३०००१५ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त “क” बर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा १२० दिनसम्म मान्य भएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।

६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. बोलपत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खेल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ ।

८. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

१०. बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

११. अन्य कार्यविधिहरु स्थानिय निकाय सार्वजनिक खरिद ऐन२०६३ (संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) अनुसार हुनेछ ।

१२. सेवा प्रदायक संस्थाको प्रदेश नं. १ को मुख्य शहर इटहरी,धरान,विराटनगर,दमक क्षेत्तमा सर्भिस सेन्टर भएको हुनु पर्ने ।

१३. यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. बोलपत्रको कामको विवरण निम्न अनुसार छ ।

| ठेक्का नं | कामको विवरण | धरौटी रकम रू. | फारम दस्तुर(फिर्ता नहुने गरी) रू. |
|---|---|---|---|
| **Laligurans/Goods/2074-75/01** | एक्साभेटर खरिद ( बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | २,३७,५००।- | ३,०००।- ( खाता नं. ०५४०३०००००००००४००१०१३ |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत